प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

# जनज्योति साप्ताहिक
Janajyoti Weekly

■ वर्ष: ४५ ■ अंक : १७ ■ २०८३ साउन ३१ गते आइतबार ■ Sunday, 16 Aug. 2026 ■ मूल्य रू. ७ ।-

**विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौ**

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

*बिषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छ: सावधानी अपनाऔं*

नेपाल सरकार
विज्ञापन बोर्ड

### अदालती निर्णयको प्रतीक्षामा कांग्रेस

# अस्तित्वको लडाइँ र भविष्यको प्रश्न

**विमल लामिछाने**



**समाचार विश्लेषण**

दमक/ नेपाली राजनीतिमा ऐतिहासिक र चार पुस्ताको राजनीतिक विरासत बोकेको दाबी गर्ने प्रमुख लोकतान्त्रिक दल नेपाली कांग्रेस अहिले गम्भीर आन्तरिक द्वन्द्व, शक्तिसंघर्ष र वैधानिक संकटको निर्णायक मोडमा उभिएको छ ।

विशेष महाधिवेशनमार्फत नेतृत्वमा भएको फेरबदल र त्यसपछिको तीव्र ध्रुवीकरणले पार्टीलाई औपचारिक विभाजनको संघारमा पुर्‍याएको छ । यो आन्तरिक द्वन्द्व अब सामान्य सांगठनिक बहस वा असहमतिको दायराभन्दा माथि उठेर वैधानिक अस्तित्वको लडाइँ र अदालती फैसलाको प्रतीक्षामा केन्द्रित भएको छ, जसले समग्र मुलुकको लोकतान्त्रिक स्थायित्व र राष्ट्रिय राजनीतिमा समेत गम्भीर दूरगामी प्रभाव पार्ने निश्चित प्रायः देखिन्छ ।

वर्तमान संकटको विजारोपण १४औँ महाधिवेशनयताको कार्यशैली र विशेष महाधिवेशनको औचित्यमाथिको मतान्तरबाट सुरु भएको हो । विशेष महाधिवेशनबाट सभापति बनेका गगनकुमार थापा पक्षले पार्टीलाई जडताबाट मुक्त गर्न र समयानुकूल गतिशील बनाउन अनिवार्य रहेको तर्क गरिरहँदा, पूर्वसभापति शेरबहादुर देउवा समर्थित पक्षले भने यसलाई विधि, विधान र पद्धति विपरीत गरिएको अराजक सत्ताकब्जाको रूपमा परिभाषित गरेको छ ।

विशेष महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन भएपछि उत्पन्न भएको आधिकारिकताको यो लडाइँ निर्वाचन आयोग हुँदै सर्वोच्च अदालतको पुनरवलोकन चरणसम्म पुगेको छ । यसले कांग्रेसको आन्तरिक कलहलाई न्यायिक परीक्षणको कठघरामा उभ्याइदिएको छ र अदालतको फैसला नै पार्टीको आगामी वैधानिक भविष्य निर्धारण गर्ने मुख्य कडी बन्ने देखिएको छ ।

पूर्वसभापति शेरबहादुर देउवा समूहले काठमाडौंमा आयोजित राष्ट्रिय भेलामार्फत तत्काल महाधिवेशनको मिति नतोक्ने र सर्वोच्च अदालतको न्यायिक निरूपणलाई धैर्यपूर्वक पर्खने लचक तर रणनीतिक कदम चालेको छ । देउवा पक्षले विशेष महाधिवेशनका नाममा विधानको चीरहरण भएको दाबी गर्दै अदालतबाट न्याय पाउनेमा दृढ विश्वास व्यक्त गरेको छ । असहमतिको निकास व्यक्तिकेन्द्रित प्रतिशोधबाट नभई बृहत्तर एकताबाट खोजिनुपर्ने आवश्यकता औंल्याउँदै देउवाले २००७ सालको संघर्षदेखि वर्तमान युवा पुस्तासम्मको चार पुस्ताको राजनीतिक विरासत बचाउन कांग्रेस एकढिक्का हुनुपर्नेमा जोड दिएको तर्क अघि सारिएको छ ।

पार्टीभित्रका शीर्ष नेताहरूको अभिव्यक्ति र रणनीतिले कांग्रेसभित्रको वैचारिक र भावनात्मक फाटोलाई थप प्रष्ट्याउँछ । कार्यवाहक सभापति पूर्णबहादुर खड्काले कांग्रेसको एकता नभए मुलुकले विगतका घटनाभन्दा पनि ठूलो र भयावह द्वन्द्वको जोखिम सामना गर्नुपर्ने चेतावनी दिएका छन् ।

अर्कातर्फ, सभापति गगन थापा नेतृत्व पक्षले १४औं महाधिवेशनको मर्म र विशेष महाधिवेशनको जनादेशलाई संस्थागत गर्दै पार्टीलाई अघि बढाइरहेको दाबी गरेको छ । उपसभापति विश्वप्रकाश शर्माले कार्यकर्ताहरूको निष्ठा अन्ततः व्यक्तिभन्दा संस्था र सिद्धान्ततर्फ नै हुने विश्वास व्यक्त गर्दै वर्तमान संकटको समाधान सांगठनिक सुदृढीकरणबाटै खोजिने बताएका छन् । यसरी दुवै पक्षका आआफ्नै अडान र दाबीहरूले पार्टीभित्रको दूरीलाई झन् फराकिलो बनाउँदै लगेका छन् ।

निष्कर्षमा, नेपाली कांग्रेसको यो आन्तरिक द्वन्द्वले नेपाली लोकतन्त्रको भविष्य बाँकी ४ पेजमा ▸▸

# गर्मी छल्न रमितेमा पर्यटकको चहलपहल



दमक / तराईका जिल्लामा गर्मी बढेसँगै उत्तरपूर्वी मोरङको रमितेमा गर्मी छल्न पर्यटकको चहलपहल बढेको छ । महेन्द्र राजमार्ग अन्तर्गत मोरङको किसानचोकबाट करिब २२ किलोमिटर उत्तरमा रहेको मिक्लाजुङ गाउँपालिका-१ को रमितेमा आन्तरिक पर्यटकहरुको भीडभाड बढ्दै गएको छ ।

रमिते समुद्र सतहदेखि करिब एक हजार पाँच सय मिटर उचाइमा छ । तराईमा तापक्रम ३८/४० डिग्री सेल्सियस पुग्दा रमितेमा भने १८/१९ डिग्री आसपास हुने भएकाले गर्मी छल्न आन्तरिक पर्यटक रमिते पुग्न थालेका हुन् ।

दुई दिनको सरकारी बिदाले रमितेको पर्यटन र आर्थिक गतिविधि झनै चलायमान भएको छ । साउन ९/१० गतेपछि बढेको गर्मीले रमितेमा बास पाउनै मुस्किल हुन थालेको छ । होटेल व्यवसायी भोला लुइटेलले भने, "एक दिन बिदा हुँदा पाहुना शुक्रबार आएर शनिबार फर्किन्थे । अचेल शुक्रबार साँझ आएर आइतबार साँझ मात्र फर्कन्छन् । गर्मी मौसममा आन्तरिक तथा भारतीय पर्यटकको आगमन बढेपछि पछिल्लो दुई बाँकी ४ पेजमा ▸▸

# विद्युतीय शवदाह गृह सञ्चालनमा आएन




कानकाई/ झापाको कनकाई नगरपालिका-४ कोटिहोमस्थित कनकाई नदीको पूर्वी तटमा निर्मित विद्युतीय शवदाह गृह सञ्चालन आउन सकेको छैन । निर्माण भएको लामो बितिसके पनि शवदाह गृह सञ्चालनमा आउन नसकेको हो ।

कोशी प्रदेश सरकार अन्तरगत खानेपानी, सिञ्चाइ तथा ऊर्जा मन्त्रालय, कनकाई नगरपालिका र दाताहरुको करिब २ करोड ५० लाख रुपैयाँको लागतमा विद्युतीय शवदाह गृहको निर्माण कार्य सम्पन्न भइसकेको छ ।

हालसम्म परीक्षणका रुपमा १०-११ वटा विद्युतीय शवदाह गृहमा दहन गरिसकिएको कनकाई घाट समितिका महासचिव गोपाल खरेलले जानकारी दिए । निर्माण पक्षले शवदाह गृह निर्माण पश्चात कनकाई नगरपालिकालाई हस्तान्तरण गर्नुपर्ने हुन्छ । निर्माण सम्पन्न भए पनि हालसम्म शवदाह गृह हस्तान्तरण भएको छैन ।

**सञ्चालनमा विद्युत् भोल्टेज बाधक**

शवदाह गृह निर्माण भए पनि सञ्चालनका लागि ठूलो बाधकका रुपमा विद्युत् भोल्टेज देखिएको छ । भोल्टेज घटबढ हुँदा शव ढिलो चल्ने, नजल्ने, विद्युत् खपत बढी हुने लगायतका समस्या देखिएको छ ।

"एउटा शव ४५-५० मिनेटमा पनि जल्यो, कुनै एक-डेढ घण्टा पनि लाग्यो", कनकाई

घाटका महासचिव खरेलले भने, "निर्माण कार्य गर्ने प्राविधिक बाँकी ४ पेजमा ▸▸

### गृहणी महिला साकोसको
# रक्तदान तथा आँखा-दन्त शिविर

दमक । गृहणी महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो वार्षिक साधारणसभाको पूर्वसन्ध्यामा रक्तदानसँगै आँखा तथा दन्त परीक्षण शिविर सम्पन्न गरेको छ । आयोजित कार्यक्रममा रेडक्रसका सिद्धार्थ दाहालको नेतृत्वमा १८ प्रिन्ट रगत संकलन भएको छ ।

संस्थाकी अध्यक्ष रिता थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बिर्ताज्योति आँखा अस्पतालका डा. राजेश श्रेष्ठको नेतृत्वमा सञ्चालन गरिएको आँखा परीक्षण शिविरबाट ७० जनाले सेवा लिएका छन् । शिविरमा सहभागीको आँखा परीक्षण तथा आवश्यक स्वास्थ्य परामर्श प्रदान गरिएको थियो ।

त्यस्तै, ओम शान्ति डेन्टल अस्पतालकी डा. मोलिका श्रेष्ठको नेतृत्वमा सञ्चालित दन्त परीक्षण शिविरबाट २२० जनाले सेवा लिएको अध्यक्ष थापाले जानकारी दिइन् । सहकारीले आफ्नो नियमित आर्थिक गतिविधिसँगै सामाजिक उत्तरदायित्वअन्तर्गत स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। कार्यक्रम संस्थाकी सचिव मञ्जु भट्टराई दाहालले सञ्चालन गरेकी थिइन् ।

# काठले पेलेर युवकको मृत्यु

धनकुटा/ ट्याक्टरमा गोलीया काठ लोड गर्ने क्रममा काठले किचेर धनकुटाका एक युवकको मृत्यु भएको छ । दिप्रुङ चुइचुम्मा गाउँपालिका-५ सप्तेश्वर छितापोखरीस्थित पञ्चमी-रोक्सिडभञ्ज्याङ सडकखण्डमा शुक्रबार उत्तिसको गोलीया काठ ट्याक्टरमा लोड गर्ने क्रममा धनकुटाको पाख्रिवास नगरपालिका-३ का ३५ वर्षीय लीला मगरको घटनास्थलमै मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता निराजन बस्नेतले घटनाको पुष्टि गरेका छन् । प्रहरीले ट्याक्टर र त्यसका चालक धनकुटाको महालक्ष्मी नगरपालिका-३ चानुवाका १९ वर्षीय सुनिल गुरुङलाई नियन्त्रणमा लिएको छ ।

# बैंकर क्लब अफ दमकको अध्यक्षमा रोशन सग्रौला



दमक । बैंकर क्लब अफ दमकको अध्यक्षमा प्रभु बैंक दमक शाखाका प्रबन्धक रोशन सङ्गौला सर्वसम्मत चयन भएका छन् । क्लबका संस्थापक अध्यक्ष मोहन श्रेष्ठ सरुवा भएर अन्यत्र गएपछि रिक्त रहेको अध्यक्ष पदमा सङ्गौलालाई जिम्मेवारी दिइएको हो ।

क्लबको पुनर्गठनसँगै उपाध्यक्षमा सिद्धार्थ बैंक दमक शाखाका प्रबन्धक रमेश खत्री चयन भएका छन् । सचिवमा गरिमा विकास बैंकका प्रबन्धक ज्ञानेन्द्रबहादुर बस्नेत र कोषाध्यक्षमा गुहेश्वरी मर्चेन्ट बैंकिङ एण्ड फाइनान्सका शाखा प्रबन्धक जीवन राईलाई निरन्तरता दिइएको छ ।

नवनिर्वाचित पदाधिकारीसहित बसेको क्लबको पहिलो बैठकले बैंकिङ क्षेत्रले पछिल्लो समय सामना गरिरहेका चुनौती, बैंककर्मीका बाँकी ४ पेजमा ▸▸

# 'बायो स्यान्ड फिल्टर' उपयोगी बन्दै

## कुहिरोबाट पिउने पानी संकलन



दमक/ वर्षौंदेखि खानेपानीको समस्या झेल्दै आएका स्थानीयवासी कुहिरोबाटै पानी पाउन थालेपछि ओखलढुंगाको खिजीदेम्बाका स्थानीय खुसी भएका छन् । आयोजना सम्पन्न भएर कुहिरोबाट पानी संकलन हुन थालेपछि स्थानीयलाई राहत भएको छ । अहिले यहाँका स्थानीयले खानेपानीसँगै सिँचाइमा सोही पानी प्रयोग गर्न थालेका छन् ।

ओखलढुंगाको खिजीदेम्बा गाउँपालिका-५ स्थित मेले गुम्बा टोलमा कुहिरोबाट स्वच्छ पिउने पानी सङ्कलन गरेर वितरण गरिएको छ । करिब ३० वर्षअघि इलामसहित पूर्वी क्षेत्रमा प्रयोग गरिएको यो प्रविधिलाई आधुनिक रूपमा उपयोग गर्दै कुहिरोबाट पानी संकलन गरिएको खिजीदेम्बा गाउँपालिकाका अध्यक्ष गम्बु शेर्पाले बताए ।

समुद्र सतहबाट करिब दुई हजार ३३० मिटरको उचाइमा रहेको मेले गुम्बा टोलमा भू-उपग्रह अध्ययनमार्फत निरन्तर कुहिरो लागिरहने स्थान पहिचान गरिएको थियो । खिजीदेम्बा गाउँपालिकाको समन्वय तथा जर्मनीको संस्थाअन्तर्गतको जिआइजेड-आइकेआई ग्रान्ट (जर्मन सरकारद्वारा जलवायु परिवर्तन, जैविक विविधता र वातावरण संरक्षणका क्षेत्रमा काम गर्न प्रदान गरिने अनुदान) को आर्थिक सहयोगमा दि स्मल अर्थ (सेन) नेपालले यो प्रयोगात्मक अनुसन्धान आयोजना सम्पन्न गरेको हो ।

करिब एक करोडको लागतमा आयोजना निर्माण गरिएको स्मल अर्थ नेपालले बाँकी ४ पेजमा ▸▸

**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान**
**ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

**सेवामा आवद्ध डाक्टरहरु**

- डा. हेम राज गैरे
- डा. सि.पि. गैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

सम्पादक/प्रकाशक : गञ्जबहादुर दाहाल
ले-आउट : सुरेन बस्नेत
मुद्रक : अमरज्योति अफसेट, प्रेस, दमक- ११
कार्यालय : दमक-५ फोन:५८०२७२

# सम्पादकीय

## तराई-मधेशको गर्मी र बदलिंदो अर्थतन्त्र

पछिल्लो समय तराई-मधेशमा बढेको अचाक्ली गर्मीले जनजीवन कष्टकर बन्दै गएको छ । यसको असर आम नागरिकको स्वास्थ्यमा मात्र नभई समग्र अर्थतन्त्र, विशेषगरी साना व्यवसायी र दैनिक ज्यालादारी मजदुरको दैनिकीमा समेत गहिरो रुपमा परेको छ । कोरोनाकालदेखि नै थलिएको व्यापार-व्यवसाय, आर्थिक मन्दी र कमजोर क्रयशक्तिको मारमा परेका व्यवसायीहरुलाई यो चर्को गर्मीले थप समस्यामा पारेको छ ।

गर्मीयाममा मानिसको उपभोग शैली र आवश्यकतामा आउने परिवर्तनले केही क्षेत्रका व्यापारमा भने नयाँ अवसर सिर्जना गरेको छ । झापाको दमकलगायत तराईका विभिन्न बजारमा यसको प्रष्ट चित्र देखिन थालेको छ । चर्को घाम र शरीरमा पानीको कमी हुन नदिन मानिसहरु चिसो तथा झोलिलो पदार्थतर्फ आकर्षित भएका छन् । फलस्वरूपः चिसो पेय पदार्थ, उखुको जुस, नरिवल पानी, आइसक्रिम, रसिलो फलफूल (तरबुजा, खरबुजा, काँक्रो) तथा दही र महीको व्यापारमा उच्च वृद्धि भएको छ । त्यस्तै, पंखा, कुलर, एसी, फ्रिजजस्ता विद्युतीय उपकरणको बिक्री र मर्मत तथा छाता, टोपी र सुती कपडाको व्यापार पनि फस्टाएको छ ।

तर, यो गर्मी सबैका लागि अवसर भने बनेको छैन । अत्यधिक तापक्रमका कारण दिउँसोको समयमा सडकमा मानिसको आवतजावत पातलिँदा खुला ठाउँमा निर्भर रहने मकै, भक्का, फुटपाथका पसल तथा साना व्यवसायीहरुको आम्दानीमा भने भारी गिरावट आएको छ । कतिपय साना व्यवसायीले घरघरमै पुगेर वा बरफको प्रयोगमार्फत व्यवसाय धान्नुपरेको अवस्था छ भने निश्चित ठाउँ नहुँदा उनीहरुले थप सास्ती भोग्नुपरेको छ ।

यसर्थ, मौसमी प्रतिकूलताले तराईको अर्थतन्त्रमा मिश्रित प्रभाव पारेको छ। एकातर्फ केही व्यवसायीका लागि यो सिजन आम्दानीको मुख्य स्रोत बनेको छ भने अर्कातर्फ विपन्न वर्ग, दैनिक मजदुर र खुला सडकमा व्यापार गर्नेहरुका लागि यो अस्तित्वको लडाइँ बनेको छ । तसर्थ, स्थानीय सरकार र सम्बन्धित निकायले बढ्दो गर्मीको यो कहरमा मजदुर तथा साना व्यवसायीहरुको जीउधनको सुरक्षा, सार्वजनिक स्थलमा शीतलत तथा पिउने पानीको व्यवस्था र उनीहरुको जीविकोपार्जनका लागि राहत तथा सहजताका कार्यक्रम ल्याउनु आजको अपरिहार्य आवश्यकता हो ।

# कार्यपालिका सदस्यलाई ६० लाख बजेट




धरान । संघीय सरकारले सांसद तथा जनप्रतिनिधिका नाममा व्यक्तिगत रूपमा बजेट विनियोजन गर्ने अभ्यासलाई निरुत्साहित गरिरहेका बेला धरान उपमहानगरपालिकाले भने कार्यपालिका सदस्य कोषका नाममा ६० लाख रुपैयाँ छुट्याएको छ । नगरको दीर्घकालीन विकासका लागि पर्याप्त स्रोत आवश्यक भइरहेका बेला साना तथा टुक्रे योजनामा रकम बाँडिएपछि बजेटको प्राथमिकतामाथि प्रश्न उठेको छ ।

बिहीबार नगर सभामा कार्यवाहक नगर प्रमुख अइन्द्रविक्रम बेघाले प्रस्तुत गरेको २ अर्ब ७६ करोड १९ लाख २७ हजार रुपैयाँको बजेटमा कार्यपालिका सदस्य अनुप देवान, विकास भाटी र दिनेश गजमेरका नाममा २०-२० लाख रुपैयाँका दरले रकम विनियोजन गरिएको हो ।

धरानले आर्थिक वर्ष २०८२/८३ देखि कार्यपालिका सदस्य कोषका नाममा बजेट राख्न थालेको हो । गत वर्ष ४५ लाख रुपैयाँ छुट्याइएकोमा यस वर्ष रकम बढाएर ६० लाख पुऱ्याइएको छ । तर कार्यपालिका सदस्य कोषको अधिकांश रकम ५० हजारदेखि ३ लाख रुपैयाँसम्मका साना कार्यक्रममा बाँडिएको छ । महिला तथा युवा लक्षित कार्यक्रम, ड्राइभिङ तालिम, फुटसल, सीसी क्यामेरा, सडक बत्ती, स्वास्थ्य शिविर, सिलाइ-बुनाइ, शैक्षिक सामग्री, धार्मिक तथा सांस्कृतिक कार्यक्रम, खुला जिम, पुस्तकालयलगायतका योजनामा रकम छुट्याइएको छ ।

यसरी रकम टुक्र्याएर वितरण गर्दा तत्काल केही समूह वा समुदायको आवश्यकता सम्बोधन भए पनि नगरको दीर्घकालीन विकासमा यसको प्रभाव कति पर्छ भन्ने प्रश्न उठेको छ । एउटै प्राथमिकताप्राप्त योजनामा पर्याप्त बजेट लगानी गर्नुपर्ने अवस्थामा स-साना कार्यक्रमका लागि रकम छर्दा उपलब्धि मापन गर्नसमेत कठिन हुने देखिन्छ ।

अर्कोतर्फ, उपमहानगरपालिकाले नगर भिजन कोषका लागि ३ करोड रुपैयाँ विनियोजन गरेको छ । दीर्घकालीन विकासका लागि ठूलो रकम भिजन कोषमा राखिए पनि कार्यपालिका सदस्यका नाममा छुट्याइएको ६० लाख रुपैयाँ भने विभिन्न कार्यक्रमका लागि टुक्र्याइएको छ ।

यसले धरानको बजेटमा दीर्घकालीन विकासभन्दा तत्कालीन राजनीतिक तथा सामाजिक प्राथमिकता हावी भएको हो कि भन्ने प्रश्न उठाएको छ । गत वर्षको ४५ लाखबाट हासिल उपलब्धिको स्पष्ट मूल्यांकन नगरी पुनः सोही प्रकृतिको बजेट बढाइनुले पनि यसको औचित्यमाथि बहस आवश्यक बनाएको छ । स्थानीय तहको बजेट नागरिकको साझा स्रोत भएकाले व्यक्तिगत वा राजनीतिक प्रभावभन्दा आवश्यकता, प्राथमिकता, पारदर्शिता र दीर्घकालीन प्रतिफलका आधारमा विनियोजन हुनुपर्ने देखिन्छ । धरानको कार्यपालिका सदस्य कोषले भने स्थानीय तहमा समेत 'व्यक्तिगत बजेट'को अभ्यास कति उपयुक्त हो भन्ने बहसलाई पुनः सतहमा ल्याएको छ ।

# दमकको सफाइ अभियान : पाथवेबाट नेक्स्ट एरासम्म



✍ उत्तमप्रसाद भट्टराई
uttam.dmk01@gmail.com@gmail.com

आज फोहोर उठिरहेको छ । भोलि त्यसबाट मल, ऊर्जा र आम्दानी पनि निकाल्न सकिन्छ । त्यसका लागि चाहिन्छ, दूरदृष्टि भएको स्थानीय सरकार, जिम्मेवार सेवा प्रदायक र फोहोरप्रति सचेत नागरिक । नत्र हामीले फेरि एउटा संस्था आउने, सहर सफा हुने र केही समयपछि त्यही संस्था जानेसँगै दमकका गल्लीमा फोहोर फर्किने पुरानै चक्र दोहोऱ्याई रहनेछौँ ।

२०७२ साल पुसको पहिलो साता । दमक क्याम्पस आफ्नो स्थापना दिवस तथा क्याम्पस सभा मनाउने तयारीमा जुटेको थियो । तत्कालीन सम्माननीय प्रधानमन्त्री खड्गप्रसाद ओलीले स्थापना दिवस उद्घाटन तथा कार्यक्रमको प्रमुख आतिथ्यता स्वीकार गरेपछि क्याम्पस परिवारमा उत्साह थपिएको थियो । क्याम्पस सभा सदस्य, नागरिक समाजका अगुवा तथा सम्बन्धित सबैलाई निमन्त्रणा पठाउनेदेखि कार्यक्रम व्यवस्थापनसम्मका काम तीव्र गतिमा अघि बढिरहेका थिए । अतिरिक्त क्रियाकलाप उपसमिति पनि उत्तिकै सक्रिय थियो । कार्यक्रमको तयारीकै क्रममा क्याम्पस परिसर सरसफाइ गर्ने योजना बन्यो । उपसमितिका संयोजक पदम जवेगुले पाथवे नेपाल प्रालिका प्रमुखलाई बोलाएर सरसफाइसम्बन्धी सल्लाह गर्ने प्रस्ताव राख्नुभयो । त्यसपछि क्याम्पस परिवारको सहभागितामा परिसर सरसफाइ गरियो । अन्ततः २०७२ पुस १६ गते तत्कालीन प्रधानमन्त्री ओलीको प्रमुख आतिथ्यतामा स्थापना दिवस तथा क्याम्पस सभाको उद्घाटन सत्र सम्पन्न भयो ।

त्यो अवसरमा पाथवे नेपालको सक्रिय सहभागिता थियो । त्यतिबेला सायद धेरैलाई थाहा थिएन-दमकमा फोहोर व्यवस्थापनको एउटा नयाँ अध्याय सुरू हुँदैछ भन्ने कुरा । पाथवे नेपाल दमक प्रवेश गर्नुको उद्देश्य नै दमक बजार र आसपासका क्षेत्रको फोहोर व्यवस्थापन गर्नु रहेछ । व्यवस्थित कार्यालय, कर्मचारी र कामदारको संयन्त्रसहित संस्थाले काम सुरू गऱ्यो । केही समयमै दमकको स्वरूप बदलिन थाल्यो । बजारका गल्ली, सडकका कुना(काप्चा, चोक र बिजुलीका पोल आसपास थुप्रिएको फोहोर हट्न थाल्यो । कुनै समय फोहोरले जिस्काएझैं लाग्ने ठाउँहरु सफा देखिन थाले । दमकलाई व्यवस्थित र सुन्दर बनाउने एउटा अभियानले आकार लिएको अनुभूति हुन्थ्यो ।

तर त्यो यात्रा लामो हुन सकेन । पाथवे नेपाल अन्ततः दमकबाट बाहिरियो । किन बाहिरियो ? उसले कस्तो अनुभव लिएर गयो ? घरघरबाट फोहोर उठाएबापत उसले कस्तो आर्थिक र प्राविधिक कठिनाइ भोग्यो ? शुल्क उठाउन सहज भयो कि भएन ? नगरपालिकाबाट कस्तो सहयोग र सहजीकरण भयो ? यी प्रश्नको जवाफ सम्बन्धित पक्षसँग होला । उपभोक्ताले भने एउटा कुरा मात्र देखे-पाथवे गएपछि फेरि दमकका कुना-काप्चामा फोहोर थुप्रिन थाल्यो । त्यसबीच दमक नगरपालिकाले आफ्नै संयन्त्रबाट फोहोर उठाउने प्रयास पनि गऱ्यो, तर त्यसले अपेक्षित निरन्तरता र विश्वसनीयता कायम गर्न सकेन ।

यही पृष्ठभूमिमा दमकमा प्रवेश गरेको अर्को संस्था हो-नेक्स्ट एरा इनर्जी । यो संस्थाको उद्देश्य, दृष्टिकोण र अभियान हेर्दा आशा गर्न सकिने ठाउँ देखिन्छ । अहिले वडा नम्बर १० बाहेक दमकका सबै वडामा संस्थाका सवारीसाधन पुग्ने गरेका छन् । आठवटा गाडीले दैनिक दुई टिपका दरले काम गर्दा करिब १६ टिप फोहोर व्यवस्थापन गर्ने क्षमता देखिन्छ । घर वा पसलबाट जे जस्तो अवस्थामा फोहोर दिइए पनि संकलन गर्ने प्रयास भइरहेको छ । त्यसका लागि कर्मचारी खटिएका छन् । प्रविधिको प्रयोग बढाइएको छ । उपभोक्तासँगको सम्बन्ध व्यवस्थित बनाउन डिजिटल प्रणालीको प्रयोग गरिएको छ । यसले एउटा सकारात्मक सन्देश दिएको छ(फोहोर व्यवस्थापन अब केवल कुचो लगाउने र फोहोर उठाउने काममा सीमित छैन; यो प्रविधि, व्यवस्थापन र पुन:प्रयोगसँग जोडिएको अभियान पनि बन्न सक्छ ।

नेक्स्ट एरा इनर्जीको अर्को महत्वपूर्ण पक्ष फोहोरलाई स्रोतका रूपमा उपयोग गर्ने सोच हो । कुहिने फोहोरबाट निस्किएको झोल मल प्रयोग हुन थालेको छ । हिमालय चिया कमानका चियाका बोटमा त्यसको प्रयोग भइरहेको बताइन्छ । प्राङ्गारिक मल उत्पादन गरेर बजारमा पुऱ्याउने तयारी पनि छ । अर्थात्, हिजो सडकमा समस्या बनेर थुप्रिएको फोहोर आज किसानका लागि मल बन्न सक्छ । यहीँनेर 'फोहोरबाट मोहर' निकाल्ने अवधारणाले अर्थ पाउँछ । भविष्यमा फोहोरबाट ग्यास उत्पादन गरी पाइपमार्फत घरका भान्सासम्म पुऱ्याउने लक्ष्य पनि राखिएको थियो । त्यो योजना अझै मूर्तरूप लिन सकेको छैन । यसको कारण प्राविधिक हो, आर्थिक हो वा सरकारी तथा स्थानीय तहको पर्याप्त सहजीकरणको अभाव हो-यसको छुट्टै अध्ययन आवश्यक छ ।

दमक सफा हुँदै गएकोमा उपभोक्ता खुसी हुनु स्वाभाविक हो । नेक्स्ट एराको कामप्रति सन्तुष्टि व्यक्त गर्नु पनि स्वाभाविक छ । तर कुनै संस्थाको सफलतालाई केवल सडक सफा देखिएको आधारमा मात्र मूल्यांकन गर्नु पर्याप्त हुँदैन । हामीले पाथवे नेपालको अनुभवबाट पनि सिक्नुपर्छ । कुनै संस्था दमकमा आउँछ, लगानी गर्छ, कर्मचारी राख्छ, घरघरबाट फोहोर उठाउँछ र केही वर्षपछि बाहिरिन्छ भने त्यसको कारण के हो ? त्यो प्रश्न आज नेक्स्ट एराका सन्दर्भमा पनि उत्तिकै महत्वपूर्ण छ । संस्थाले समयमै सेवा शुल्क उठाउन पाएको छ कि छैन ? उपभोक्ताको भुक्तानी प्रणाली सहज छ कि छैन ? नगरपालिकाले आवश्यक पूर्वाधार र प्राविधिक सहयोग दिएको छ कि छैन ? फोहोर व्यवस्थापनको दीर्घकालीन योजना के हो ? प्रशोधन केन्द्र सञ्चालनका लागि आवश्यक वातावरण कस्तो छ ? यी सबै प्रश्नको उत्तर खोजिनुपर्छ । किनभने सफा दमकको जिम्मेवारी कुनै एउटा निजी संस्थाको मात्र होइन ।

फोहोर व्यवस्थापनमा दमक नगरपालिका र सेवा प्रदायक संस्थाबीचको सम्बन्ध स्पष्ट, व्यावसायिक र दीर्घकालीन हुनुपर्छ । नीति बनाउने, अनुगमन गर्ने, आवश्यक पूर्वाधार निर्माण गर्ने, प्राविधिक तथा संस्थागत सहजीकरण गर्ने काम स्थानीय सरकारको हो । घरघरबाट फोहोर संकलन गर्ने, वर्गीकरण गर्ने र संकलित फोहोरको उचित व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित सेवा प्रदायकको हो । दुवै पक्षले आफ्नो भूमिका इमानदारीपूर्वक निर्वाह गरे मात्र प्रणाली टिकाउ हुन्छ ।

यहाँ अर्को सम्भावना पनि छ-टोल विकास संस्थालाई फोहोर व्यवस्थापनसँग जोड्ने । घरघरबाट फोहोर उठाउने काममा टोल विकास संस्थाको सहजीकरण हुन सकेमा उपभोक्ता र सेवा प्रदायकबीचको दूरी घट्न सक्छ । त्यस्ता संस्थालाई टोल सरसफाइसँगै स्थानीय तहका अन्य सेवामा समेत क्रमशः जोड्न सकिन्छ । घर निर्माणको नक्सा व्यवस्थापन, जन्म तथा मृत्यु दर्ता, बसाइँसराइ, विवाह दर्ता, टोल सरसफाइ तथा स्थानीय सूचना प्रवाहमा टोल विकास संस्थालाई प्रभावकारी बनाउने हो भने स्थानीय सरकारको पहुँच अझ बलियो हुन सक्छ ।

नेक्स्ट एरा इनर्जीले ठूलो योजनासहित काम गरिरहेको देखिन्छ । उसको प्लान्ट, प्रविधि, जनशक्ति र व्यवस्थापनमा भएको लगानीको नाफा-घाटा संस्थाकै विषय हो । तर त्यो संस्था सफल हुनु वा असफल हुनुको प्रत्यक्ष असर दमकको वातावरणमा पर्छ । त्यसैले स्थानीय सरकारका लागि यो केवल एउटा निजी संस्थालाई सहयोग गर्ने विषय होइन; सहरको दीर्घकालीन फोहोर व्यवस्थापन प्रणालीलाई टिकाउने विषय हो । नगरपालिकाले संस्थाको काममा अनावश्यक हस्तक्षेप गर्नु आवश्यक छैन । तर आवश्यक नीति, पूर्वाधार, समन्वय, अनुगमन र सहजीकरण भने गर्नैपर्छ । उपभोक्ताले सेवा शुल्क तिर्ने वातावरण बनाउनेदेखि फोहोर वर्गीकरण, प्रशोधन र पुन:प्रयोगका लागि आवश्यक संरचना निर्माण गर्नेसम्म स्थानीय तहले आफ्नो भूमिका स्पष्ट गर्नुपर्छ ।

आज दमकका सडक, गल्ली र चोक सफा देखिनु सुखद कुरा हो । तर सफाइको यो दृश्य क्षणिक नहोस् भन्ने चिन्ता पनि उत्तिकै जायज छ । नेक्स्ट एरा इनर्जी कमजोर भयो, उसको संयन्त्र ढल्यो वा संस्था नै यहाँबाट बाहिरिनुपर्ने अवस्था आयो भने फेरि दमकका गल्ली, घुमाउरा बाटा, बिजुलीका पोलमुनि र अँध्यारा कुनामा फोहोर थुप्रिन थाल्ने हो कि ? यदि त्यसो भयो भने समस्या केवल एउटा कम्पनीको असफलता हुनेछैन । त्यो दमकको फोहोर व्यवस्थापन नीतिको असफलता हुनेछ ।

त्यसैले आजै सोच्नुपर्ने बेला आएको छ-पाथवे किन गयो ? त्यसबाट के सिक्यौँ ? नेक्स्ट एरालाई कसरी दिगो बनाउने ? र भोलि कुनै एउटा संस्था गए पनि दमकको फोहोर व्यवस्थापन नरोकिने प्रणाली कसरी बनाउने ? सहर सफा हुनु राम्रो कुरा हो, तर सफा सहरलाई दिगो बनाउनु अझ ठूलो कुरा हो । दमकलाई सफा बनाउने जिम्मेवारी नेक्स्ट एराको मात्र होइन, नगरपालिकाको मात्र पनि होइन( फोहोर उत्पादन गर्ने हरेक घर, पसल, व्यवसाय, संस्था र नागरिकदेखि स्थानीय सरकारसम्म सबैको साझा जिम्मेवारी हो ।

आज फोहोर उठिरहेको छ । भोलि त्यसबाट मल, ऊर्जा र आम्दानी पनि निकाल्न सकिन्छ । त्यसका लागि चाहिन्छ( दूरदृष्टि भएको स्थानीय सरकार, जिम्मेवार सेवा प्रदायक र आफ्नो फोहोरप्रति सचेत नागरिक । नत्र हामीले फेरि एउटा संस्था आउने, सहर सफा हुने र केही समयपछि त्यही संस्था जानेसँगै दमकका गल्लीमा फोहोर फर्किने पुरानै चक्र दोहोऱ्याइरहनेछौँ । दमक सफा राख्ने अभियान कुनै संस्थाको मात्र परियोजना होइन, यो समग्र दमकको साझा सभ्यता र जिम्मेवारी हो ।

# पत्रकार पक्राउको बहस : स्वतन्त्रता, निष्पक्षता र जवाफदेहिता



✍ ओमप्रकाश गौतम
omgautam2078@gmail.com

पत्रकारिता लोकतन्त्रको आधारस्तम्भ हो । प्रेस स्वतन्त्रता, सूचनाको हक, अभिव्यक्ति स्वतन्त्रता, मानवअधिकार र विधिको शासनको पक्षमा निरन्तर खबरदारी गर्ने जिम्मेवारी पत्रकारिताको हो । त्यसैले पत्रकारलाई राज्य र समाजका विकृति नियाल्ने पहरेदार मात्र होइन, संविधानले सुनिश्चित गरेका नागरिक अधिकारको रक्षाकवचका रूपमा पनि हेर्ने गरिन्छ ।

यतिबेला पत्रकार पक्राउको विषयलाई लिएर नेपाल पत्रकार महासंघ आन्दोलनमा छ । पत्रकार पक्राउको विरोध र प्रेस स्वतन्त्रताको पक्षमा आवाज उठाउनु स्वाभाविक र आवश्यक विषय हो । राज्यका कुनै पनि निकायले पत्रकारलाई अनुसन्धान वा कानुनी प्रक्रियामा ल्याउँदा त्यसको आधार, प्रक्रिया र उद्देश्यबारे प्रश्न उठ्नु लोकतान्त्रिक समाजको स्वाभाविक अभ्यास हो । तर यससँगै अर्को पक्षलाई पनि निष्पक्ष ढंगले हेर्न आवश्यक छ, पक्राउ परेका व्यक्ति पत्रकार भएकै कारण उनीमाथिका अन्य आरोप, विवाद वा अनुसन्धानका विषय स्वतः समाप्त हुँदैनन् ।

पत्रकारिता पेसामा आबद्ध व्यक्ति पनि कानुनभन्दा माथि हुँदैन । यदि कुनै पत्रकारमाथि गम्भीर आरोप छन् भने निष्पक्ष अनुसन्धान हुनुपर्छ । तर अनुसन्धानका क्रममा पत्रकारिताको परिचयलाई नै अपराधको प्रमाण बनाउनु पनि उचित हुँदैन। त्यसैले अहिलेको बहस व्यक्ति विशेषको पक्ष वा विपक्षमा भन्दा पनि प्रेस स्वतन्त्रता र कानुनी उत्तरदायित्वबीचको सन्तुलन खोज्ने दिशामा केन्द्रित हुनुपर्छ ।

पत्रकारको पहिलो धर्म सत्य, तथ्य र निष्पक्षता हो । समाचारमा एउटा पक्षको आवाज मात्र होइन, सम्बन्धित सबै पक्षको धारणा समेटिनुपर्छ । कुनै व्यक्ति, दल, संस्था वा शक्तिकेन्द्रको आग्रहअनुसार समाचारलाई आफ्नो अनुकूल बनाउने अभ्यासले पत्रकारिताको विश्वसनीयता कमजोर पार्छ । पत्रकार कसैको प्रवक्ता होइन । पत्रकारको भूमिका प्रश्न गर्ने, तथ्य खोज्ने र समाजलाई सत्य सूचना उपलब्ध गराउने हो ।

तर पछिल्ला वर्षमा पत्रकारिताको क्षेत्रमा आएका केही विकृतिले गम्भीर प्रश्न जन्माएका छन् । सञ्चारमाध्यमको संख्या बढेसँगै पत्रकारितामा प्रवेश गर्ने व्यक्तिको संख्या पनि बढेको छ । यसले अवसर विस्तार गरे पनि व्यावसायिक क्षमता, आचारसंहिता र पत्रकारिताको मूल मर्मबारे पर्याप्त तयारी नगरी सञ्चारकर्ममा आउने प्रवृत्तिबारे बहस आवश्यक बनाएको छ ।

पत्रकार महासंघको सदस्यता पाउनु वा प्रेस कार्ड बोक्नु मात्रै पत्रकारिताको अन्तिम परिचय होइन । पत्रकारिताका लागि अध्ययन, निरन्तर सिकाइ, तथ्य जाँच्ने क्षमता, स्रोतको विश्वसनीयता परीक्षण गर्ने सीप, भाषिक दक्षता र व्यावसायिक आचरण आवश्यक हुन्छ । कसैको चरित्रमाथि प्रश्न उठाउने समाचार प्रकाशित गर्नुअघि त्यसको प्रमाण र सम्बन्धित पक्षको भनाइ लिनु पत्रकारको आधारभूत जिम्मेवारी हो ।

सामाजिक सञ्जाल र युट्युबको विस्तारले पत्रकारिता अझ सहज बनाएको छ । तर सहजतासँगै चुनौती पनि थपिएका छन् । भ्युज, लाइक र सस्तो लोकप्रियताको दौडमा अपुष्ट सूचना, अतिरञ्जित शीर्षक र एकपक्षीय सामग्री प्रकाशित गर्ने प्रवृत्ति बढेमा त्यसको असर केवल एउटा व्यक्तिमा होइन, सिंगो पत्रकारिताको विश्वसनीयतामा पर्छ । पत्रकारिताको उद्देश्य लोकप्रियता होइन, विश्वसनीयता हुनुपर्छ ।

त्यसैले पत्रकारिताभित्र आत्मसमीक्षा आवश्यक छ । पत्रकार महासंघले आफ्ना सदस्यको व्यावसायिक हकहितको संरक्षणसँगै पत्रकारिताको गुणस्तर, आचारसंहिता र उत्तरदायित्वलाई पनि समान प्राथमिकता दिनुपर्छ । सदस्यता वितरण गर्दा राजनीतिक निकटता, व्यक्तिगत सम्बन्ध वा अन्य प्रभावभन्दा पत्रकारितामा वास्तविक संलग्नता, व्यावसायिकता र आचारसंहिताको पालनालाई आधार बनाउन सकियो भने महासंघको संस्थागत गरिमा अझ बलियो हुनेछ ।

यसको अर्थ पत्रकार पक्राउ पर्दा मौन बस्नुपर्छ भन्ने होइन । बरू पत्रकार पक्राउको विषयमा महासंघले अझ प्रभावकारी र विश्वसनीय भूमिका खेल्नुपर्छ । पक्राउको कानुनी आधार के हो, अनुसन्धान निष्पक्ष छ कि छैन, पत्रकारितासँग सम्बन्धित विषयमा राज्यले अनुचित दबाब दिएको हो कि होइन र व्यक्तिको कानुनी अधिकार सुरक्षित छन् कि छैनन् भन्ने प्रश्न उठाउनु महासंघको दायित्व हो । तर कुनै पत्रकारमाथि अनुसन्धान भइरहेको छ भन्दैमा त्यसलाई स्वतः प्रेस स्वतन्त्रतामाथिको आक्रमण भनेर निष्कर्ष निकाल्नु पनि विवेकपूर्ण हुँदैन ।

पत्रकारिता समाजको दर्पण हो । समाजमा भएका विकृति, भ्रष्टाचार, अन्याय र बेथितिलाई उजागर गर्ने काम पत्रकारिताले गर्छ । पहुँचविहीन नागरिकको आवाज राज्यसम्म पुऱ्याउने, सार्वजनिक पदमा रहेका व्यक्तिलाई जवाफदेही बनाउने र जनताको सूचनाको अधिकार सुनिश्चित गर्ने काममा पत्रकारिताको भूमिका अतुलनीय छ ।

सरकार गठनदेखि सार्वजनिक नीतिको समीक्षा, भ्रष्टाचारको अनुसन्धानदेखि सामाजिक न्यायका सवालसम्म पत्रकारिताले निरन्तर खबरदारी गर्न सक्छ । राज्यका शक्तिशाली निकायलाई नागरिकप्रति उत्तरदायी बनाउन स्वतन्त्र सञ्चारमाध्यमको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । त्यसैले स्वतन्त्र पत्रकारिताको संरक्षण लोकतन्त्रको संरक्षणसँगै जोडिएको विषय हो ।

तर पत्रकारिताको शक्ति जति ठूलो छ, त्यसको जिम्मेवारी पनि त्यति नै ठूलो छ । कलमले कसैको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्छ भने असावधानी वा पूर्वाग्रहले कसैको प्रतिष्ठामा गम्भीर असर पार्न सक्छ । त्यसैले पत्रकारले आफ्नो कलमलाई तथ्य, विवेक र नैतिकताले निर्देशित गर्नुपर्छ ।

आजको आवश्यकता पत्रकारलाई कमजोर बनाउने होइन, पत्रकारितालाई अझ बलियो बनाउने हो । राज्यले प्रेस स्वतन्त्रताको सम्मान गर्नुपर्छ । पत्रकारले पनि संविधान, कानुन र पत्रकार आचारसंहिताको सम्मान गर्नुपर्छ । यी दुई पक्षबीचको सम्बन्ध टकरावको होइन, लोकतान्त्रिक उत्तरदायित्वको हुनुपर्छ ।

पत्रकार राष्ट्रको बर्दीविनाको सिपाही हो भनिन्छ । तर त्यो सिपाही कुनै दल, व्यक्ति वा समूहको होइन, सत्य, संविधान, नागरिक अधिकार र सार्वजनिक हितको पक्षमा उभिनुपर्छ । पत्रकारको कलम सत्ताको डरले रोकिनु हुँदैन, तर व्यक्तिगत आग्रह, राजनीतिक पूर्वाग्रह वा स्वार्थले पनि चल्नु हुँदैन ।

त्यसैले अहिलेको परिस्थितिलाई पत्रकारिता र राज्यबीचको द्वन्द्वका रूपमा मात्र होइन, दुवै पक्षले आत्मसमीक्षा गर्ने अवसरका रूपमा लिनुपर्छ । राज्यले पत्रकारको स्वतन्त्रता र कानुनी अधिकार सुनिश्चित गरोस्, पत्रकारले पनि आफ्नो पेशागत मर्यादा, सत्यता र उत्तरदायित्वलाई सर्वोच्च प्राथमिकता दिऊन् ।

पत्रकार पक्राउको विरोध गरौँ, तर अनुसन्धानको अधिकारलाई पनि सम्मान गरौँ । प्रेस स्वतन्त्रताको रक्षा गरौँ, तर पत्रकारिताको विश्वसनीयता पनि जोगाऔँ । पत्रकारलाई संरक्षण गरौँ, तर पत्रकारिताको नाममा हुने गैरव्यावसायिक गतिविधिप्रति पनि प्रश्न उठाऔँ ।

अन्ततः पत्रकारिता कसैको पक्षमा होइन, सत्यको पक्षमा हुनुपर्छ । पत्रकार संविधानका रक्षाकवच तब मात्र बन्न सक्छन्, जब उनीहरूको कलम स्वतन्त्रसँगै जिम्मेवार, निर्भीकसँगै निष्पक्ष र शक्तिशालीसँगै उत्तरदायी हुन्छ ।

# संरक्षण अभावमा मेलमिलाप पार्क



तेह्रथुम/ तेह्रथुमको बसन्तपुरबाट केही किलोमिटर दूरीमा सखुवासभाको धर्मदेवी नगरपालिका-३ ओखेमा रहेका दुई पर्यटकीय पार्क संरक्षण र प्रचार-प्रसारको अभावमा जीर्ण बन्दै गएका छन् । बसन्तपुर-सखुवासभा सडकखण्डअन्तर्गत देउराली क्षेत्र नजिक गित्रेमा रहेको ठेकी पार्क र खर्कमा रहेको मेलमिलाप पार्क निर्माणपछि उचित संरक्षण र व्यवस्थापन नहुँदा ओझेलमा परेका हुन् ।

स्थानीय कला, संस्कृति र मौलिक पहिचान झल्काउने उद्देश्यले निर्माण गरिएका पार्कमा कलात्मक शैलीका ठेकी, स्तम्भ तथा मानव आकृतिका संरचना निर्माण गरिएका छन् । तर नियमित मर्मतसम्भार, सरसफाइ र प्रचार(प्रसार नहुँदा संरचनामा क्षति पुग्न थालेको छ । पार्क परिसरमा झाडी बढेको छ भने संरचनामा गरिएको रङरोगनसमेत उडिसकेको छ ।

कतिपय संरचना भत्किने अवस्थामा पुगेका छन् । पार्कको सौन्दर्य क्रमशः हराउँदै जाँदा निर्माणका बेला आकर्षण बनेका यी स्थल अहिले स्थानीयबाहेक बाहिरी पर्यटकको रोजाइमा पर्न सकेका छैनन् ।

स्थानीयका अनुसार मुख्य सडकबाटै पार्कको पर्याप्त जानकारी दिने सूचना तथा होडिङ बोर्ड नराखिएकाले यात्रु तथा पर्यटकलाई पार्कबारे जानकारी लिनसमेत कठिन हुने गरेको छ । संरक्षण र प्रचारमा ध्यान दिन सके यी स्थललाई स्थानीय पर्यटनको नयाँ गन्तव्यका रूपमा विकास गर्न सकिने उनीहरूको भनाइ छ ।

स्थानीय तहले पार्कको अवस्थाबारे अध्ययन गरी तत्काल मर्मतसम्भार, सरसफाइ र संरक्षणको काम अघि बढाउनुपर्ने स्थानीयको माग छ । भौतिक संरचना निर्माण गरेर मात्रै पर्यटकीय गन्तव्य विकास नहुने भन्दै उनीहरूले निर्माण भएका सम्पदाको नियमित व्यवस्थापन र प्रचार(प्रसारमा समेत ध्यान दिनुपर्ने बताएका छन् ।

समयमै संरक्षण नगरिए मौलिक पहिचान बोकेका संरचना केही वर्षमै भग्नावशेषमा परिणत हुने जोखिम रहेको स्थानीयको चिन्ता छ ।

ग्यासको अभावले विशेषगरी कोठा भाडामा बस्ने विद्यार्थी बढी प्रभावित भएका छन्। नियमित विद्युत् आपूर्तिमा समेत समस्या रहेकाले विद्युतीय चुलो प्रयोग गर्न नसक्दा समस्या थपिएको स्थानीय प्रकाश नेपालले बताए ।

ठूला सवारीसाधन सञ्चालन हुन नसकेपछि साना गाडीमार्फत सामग्री ल्याउनुपरेकाले ढुवानी खर्च बढेको उनले बताए । सडक अवरोधकै बीच इलाममा खाना पकाउने ग्यासको अभावसमेत देखिएको छ । पूरा सिलिन्डर ग्यासको आपूर्ति सुरु भएपछि बजारमा ग्यास पाउन समस्या भएको स्थानीयको भनाइ छ ।

## साहित्य

# पक्कै खोजिरहेछन्



**नरेन रिजाल**

मुठि कसिएका, कसिला हातहरू ।
ज्वाला दन्किएका, रापिला नयनहरू ।
पक्कै, परिवर्तन खोजिरहेछन् ।
निश्चलता भित्र धमिरा लगाउनेहरू ।
सर्वस्व हुँदा हुँदै, निर्वस्त्र पार्नेहरू ।
पक्कै अश्लिलता खोजिरहेछन् ।
भातृत्वको एकतामा, स्वार्थको विज रोप्नेहरू ।
मानवता भित्र दानवता रोज्नेहरू ।
पक्कै, भागबन्डा खोजिरहेछन् ।
निकृष्ट सोचेर, मनमौजी हुनेहरू ।
धर्मान्तरका दलालीहरु ।
पक्कै, असहिष्णुता खोजिरहेछन् ।
दृढ आवाज भित्र, सत्य बोल्नेहरू ।
देशभक्त बनेर, मातृत्व जोगाउनेहरू ।
पक्कै, अस्तित्व खोजिरहेछन् ।

*- दमक, झापा*

## विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# जमशेद जी टाटा



◆ सुमित्रा सिंह

**भारत : उद्योग जगतका आदि-निर्माता**
**जन्मः सन् १८३५ मृत्युः सन् १५०४**

भारतका आधुनिक उद्योग-निर्माताहरूमा जमशेद जी टाटाको नाम मार्गदर्शकको रूपमा लिइन्छ। आफ्नो ज्ञान, समयलाई चिन्ने शक्ति तथा उत्साहको कारणले उनलाई भारतमा औद्योगीकरणको शुरूवातका पितामह भनिन्छ। जमशेदजीले जुन समय भारतमा जुन प्रकारले उद्योग प्रारम्भ गर्ने सोचे, त्यसको कल्पना अन्य कुनै व्यक्तिले पनि गर्न सक्दैनथ्यो ।

जमशेदजीका बुबा नसरवानजी टाटा चीन र ब्रिटेनसँग कपासको व्यापार गर्दथे। यसको साथै उनले भारतसँग निर्यात व्यापार पनि आरम्भ गरे । जमशेदजीले लगभग एक शताब्दी पूर्व नागपुरमा एक कपडा मिलको स्थापना गरे । त्यस समय भारतमा अधिकांश कपडा ब्रिटेनको लंकशायरका मिलहरूबाट आउँथ्यो । त्यस समय उनको यो प्रयास अत्यन्त सरहनीय थियो ।

भारतमा इस्पात कारखाना नलगाइकन देशमा औद्योगिक क्रान्तिको जग हाल्न सकिदैन भन्ने कुरा जमशेदजी टाटा राम्ररी बुझ्दथे । यो कुरा ठीक हो कि उनको सामुन्ने इस्पात कारखानाको स्थापना हुन सकेन तर कारखानाको पूरै योजना उनी स्वयंले नै तयार गरेका थिए । बनाइने इस्पातबाट उनले नगरीमा, जसलाई आज जमशेदपुरको नामले चिनिन्छ, मन्दिर, मस्जिद, गिरजाघर, सडकहरू, पार्क र खेलको मैदान आदि बनाउने योजना पहिले नै बनाएका थिए। उनको मृत्युको तीन वर्षपछि उनका दुवै छोराहरू सर दोराबजी टाटा र सर रतन टाटाले उनको यो सपनालाई साकार पारे। १९०७ मा टाटा इस्पात कारखानाको स्थापना गरियो ।

भारतीय उद्योगहरूको दृढ आधारशीलाको लागि विज्ञानको शिक्षा दिइनु पनि आवश्यक छ भन्ने कुरा टाटा राम्ररी बुझ्दथे । उनले इण्डियन स्कुल अफ साइन्सको स्थापनाको लागि बंगलोरलाई छनोट गरे । मुम्बईको पनबिजली योजना उनको दूरदर्शिताको एक महान् परिणाम हो। मुम्बईमा जमशेदजीले ताज होटलको स्थापना पनि गरेका थिए, जुन विश्वकै सर्वोत्तम होटलमा गनिन्छ ।

## प्रविधि र खानपान

# फ्रिजमा तातो खानेकुरा राख्दा बिजुली खपत बढी



दमक/ फ्रिजमा तातो खानेकुरा राख्नेबित्तिकै फ्रिज तत्काल बिग्रिँदैन । तर बारम्बार यसो गरिरहँदा यसको चिसोपन, बिजुली खपत र खानाको गुणस्तरमा असर पर्न सक्छ । बिहान-बेलुकाको खाना होस् वा दिउँसोको खाजा, खानेकुरा उब्रिनु सामान्य कुरा हो । यी खानेकुरालाई बिग्रिन नदिन धेरैजसो मानिसले फ्रिजमा राख्छन् । तर खानेकुरा तातो छ र यसलाई सिधै फ्रिजमा राखियो भने के फ्रिज बिग्रिन्छ? यो प्रश्न आउँदा प्रायः मानिसहरू अलमलमा पर्छन् ।

**तातो खाना राख्दा फ्रिजमा बढ्छ भार**

जब हामीले धेरै तातो खानेकुरा फ्रिजमा राख्छौँ, त्यसको तापले फ्रिजभित्रको तापक्रम बढाउँछ। यस्तो अवस्थामा फ्रिजलाई फेरि सामान्य तापक्रममा फर्काउन लामो समयसम्म कूलिङ गर्नुपर्ने हुन्छ। यसले कम्प्रेसरमा बढी दबाब पर्न सक्छ र बिजुलीको खपत पनि बढ्न सक्छ ।

यद्यपि, एक-दुई पटक सामान्य मात्रामा तातो खानेकुरा फ्रिजमा राख्दा भने फ्रिज तुरुन्तै बिग्रिँदैन ।

तातो खानाले फ्रिजभित्रको तापक्रम अस्थायी रूपमा बढाउँदा नजिकै भण्डारण गरिएका दूध, दही, तरकारीलगायत अन्य नाश हुने खानेकुरामा पनि असर पर्न सक्छ । विशेषगरी खाना ठूलो र गहिरो कन्टेनरमा राखिएको छ भने त्यसलाई चिसो हुन धेरै समय लाग्छ। यसले ब्याक्टेरियाको वृद्धिको जोखिमसमेत बढाउन सक्छ ।

**खाना पूरै चिसो हुँदासम्म कुर्नु पर्दैन**

यसको अर्थ खानेकुरालाई फ्रिजमा राख्नुअघि पूरै चिसिन दिनुपर्छ भन्ने होइन। कोठाको तापक्रममा लामो समयसम्म राखिएको खाना पनि सुरक्षित नहुन सक्छ । त्यसैले खाना पकाएको केही समयपछि त्यसबाट निस्कने तीव्र बाफ कम भएपछि फ्रिजमा राख्न सकिन्छ ।

**तातो खानेकुरालाई साना कन्टेनरमा राख्नुहोस्**

खाना छिटो भण्डारण गर्नुपर्ने अवस्था छ भने ठूलो कन्टेनरको सट्टा साना र चेप्टा कन्टेनरमा बाँडेर राख्नुहोस् । यसो गर्दा खानेकुरा छिटो चिसिन्छ र फ्रिजभित्रको तापक्रममा पनि कम असर पर्छ ।

कन्टेनर रेफ्रिजरेटरमा राख्न सुरक्षित हुनुका साथै हावा नछिर्ने हुनुपर्छ। यसो गर्दा खानेकुराको ओसिलोपन र गन्ध अन्य खाद्य वस्तुमा सर्नबाट जोगाउन सकिन्छ ।

**तातो खानेकुरा राख्दा फ्रिजको मोटर बिग्रिन्छ ?**

एक-दुई पटक मात्र तातो खानेकुरा फ्रिजमा राख्दा सामान्यतया केही हुँदैन । तर धेरै तातो र ठूलो परिमाणमा खानेकुरा बारम्बार फ्रिजमा राख्दा फ्रिजले भित्रको तापक्रम घटाउन बढी मेहनत गर्नुपर्ने हुन सक्छ ।

त्यसैले धेरै तातो खानेकुरालाई फ्रिजमा राख्नुअघि केही समय चिसिन दिनु उपयुक्त हुन्छ । त्यसपछि स-साना कन्टेनरमा राखेर फ्रिजमा भण्डारण गर्न सकिन्छ । यसो गर्दा खाद्य सुरक्षा कायम राख्नुका साथै फ्रिजको कूलिङ प्रणालीमा पर्ने अनावश्यक भारसमेत कम गर्न सकिन्छ ।

## स्वास्थ्य

# राति बारम्बार पिसाब आउँनु प्रोष्टेटको लक्षण हुनसक्छ

दमक/ पिसाब फेर्नमा हुने समस्याबाट धेरै खाले स्वास्थ्य समस्या चिन्न सकिन्छ । तर विशेष गरी ५० वर्षभन्दा माथिका पुरुषहरूले कहिले पनि केही समस्याहरूलाई बेवास्ता गर्नु हुँदैन । तपाइँ ५० वर्षभन्दा माथिको एक पुरुष हुनुहुन्छ र पिसाब फेर्न राति बारम्बार उठ्नु पर्छ, पिसाबको धार कमजोर छ, वा तपाइँलाई मूत्राशय पूरै खाली नभएको महसुस गर्नुहुन्छ तपाईंको मूत्रमार्ग र प्रोस्टेटले तपाइँलाई केही भन्न खोजिरहेका छन् ।


यी लक्षणहरू छुट्टै समस्याको कारणले नभएर तल्लो मूत्रमार्गसम्बन्धी समस्याका कारण आएका हुन्छन् । प्रायः यसको कारण बिनाइन प्रोस्टेटिक हाइपरप्लासिया (बीपीएच) अर्थात् बढेको प्रोस्टेटको कारणले हुन्छन् । ५० वर्षभन्दा माथिका पुरुषहरूमा यो समस्या धेरै पाइन्छ ।

यी लक्षणहरूलाई बेवास्ता गर्नु हुँदैन । यी समस्याहरूले तपाईंको दैनिक दिनचर्या, निद्रा, काम गर्ने क्षमता र जीवनको गुणस्तरलाई असर गर्छ । बढेको प्रोस्टेटले जीवनको पछिल्ला समयमा गम्भीर जटिलताहरू पनि निम्त्याउन सक्छ ।

**के हो बीपीएच ?**

प्रोस्टेट एउटा सानो, ओखर आकारको ग्रन्थि हो जुन मूत्राशयको ठिक तल, मूत्रमार्गलाई चारैतिर घेरिएर रहेको हुन्छ । प्रोस्टेटको आकार स्वाभाविक रूपमा उमेरसँगै बढ्छ । धेरै पुरुषहरूमा, यो वृद्धिले मूत्रमार्गमा दबाब दिन्छ, जसले गर्दा मूत्रमार्गका समस्या बिस्तारै बढ्न थाल्छन् ।

तर बीपीएच क्यान्सर होइन । न त यो क्यान्सरमा बदलिन्छ । तर उपचार नगरिएमा यसले जीवनको गुणस्तरमा गम्भीर असर पार्न सक्छ । धेरै अवस्थामा यसले मूत्र सङ्क्रमण, पिसाब रोकिने र मिर्गौलामा क्षति जस्ता जटिलताहरू पनि निम्त्याउन सक्छ । धेरै बिरामीहरूले लामो समय पछि उपचार खोज्छन् जसले गर्दा मिर्गौलाको कार्य क्षमतामा निकै क्षति पुगिसकेको हुन्छ ।




*यी लक्षणहरूमा दिनुहोस् विशेष ध्यान*
*राति दुई वा बढी पटक पिसाब फेर्न उठ्नु*
*रोकिएर पिसाब आउनु*
*पिसाब फेर्न कठिनाइ*
*मूत्रथैली पूर्ण रूपमा खाली नभएको महसुस हुनु*

**अचानक र तीव्र पिसाब फेर्ने इच्छा हुनु**

यी लक्षणहरू सुरुमा हल्का हुन्छन् । त्यसैले प्रायः बेवास्ता गरिन्छ । तर समयसँगै यी लक्षण बिस्तारै बढ्छन् । त्यसैले जति चाँडो यो समस्यालाई समाधान गरिन्छ, त्यति नै बढी उपचार विकल्पहरू पाइन्छन् ।

के हो बीपीएनको उपचार ?

बीपीएचको उपचार पूरै गर्न सकिन्छ । यसका उपचारका धेरै विकल्पहरू पनि उपलब्ध छन् । तरल पदार्थको सेवन सीमित गर्ने, साँझमा कम पानी पिउने, दिनमा मूत्रवर्धक पदार्थ लिने, र क्याफिन वा रक्सीबाट बच्ने जस्ता जीवनशैलीमा परिवर्तन यसमा पर्छन् ।

मूत्रथैलीलाई आराम दिने वा समयसँगै ग्रन्थिलाई संकुचित गर्ने औषधिहरू पनि पाइन्छ । औषधि खाएर ठिक नहुने लक्षण ठिक गर्न माइनर अपरेसन उपलब्ध छन् । यदि लक्षणहरू रहिरह्यो भने, टीयूआरपी वा लेजर एन्युक्लिएसन जस्ता प्रक्रियाहरू गर्न सकिन्छ ।

धेरैजसो अवस्थामा, प्रोस्टेटसँग सम्बन्धित लक्षणहरूलाई जीवनशैली परिवर्तन गरेरै नियन्त्रण गर्न सकिन्छ । तर तपाइँ बुझ्न जरुरी के छ भने पिसाबसँग सम्बन्धित कुनै पनि लक्षण देखिदैंमा प्रोस्टेट बढेकै हो भन्ने हुँदैन । यो प्रोस्टेट क्यान्सर, मूत्राशयको रोग, स्ट्रोक, र मेरुदण्डको चोट जस्ता अन्य अवस्थाहरूको संकेत पनि हुन सक्छ । त्यसैले कुनै पनि उपचार गर्नु अघि युरोलोजिस्टसँग परामर्श गर्न जरुरी छ ।

# ग्यास किन्न नागरिकता अनिवार्य

दमक। खाना पकाउने एलपी ग्यासका लागि सर्वसाधारण नागरिकता बोकेर घण्टौं लाइनमा लाग्न बाध्य भएका छन् ।

सरकारले ग्यास किन्नका लागि नेपाली नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र बोकेर आउन सूचना जारी गरेको छ । त्यसका आधारमा सर्वसाधारण शनिबार बिहानैदेखि नागरिकता बोकेर लाइनमा बसिरहेका छन् ।

नेपाल आयल निगमले काठमाडौंका पाँच स्थानबाट ग्यास बिक्री गर्न सुरु गरेको छ। निगमले जिल्ला प्रशासन कार्यालय काठमाडौंसँगको समन्वयमा शनिवारदेखि ग्यास उद्योग तथा डिपोमार्फत ग्यास बिक्री गर्न थालेको हा।

## लघु कथा

# घरहरू



**मनोहर पोखरेल**

कसैले केही बुझ्नै पाएनन् । दनदनती आगो बल्यो । "कसैलाई बाँकी नराख, सबलाई लखेट" भन्दै दंगा भड्काउनेहरू एकाएक बजार प्रवेश गरे । लूटपाट मच्चाउन थाले । सामाजिक सद्भाव भत्काउने र धार्मिक सहिष्णुता खल्बल्याउने गरी हिंसात्मक दंगा फैलियो ।

एक समुदायको बजारका पसलहरु छानीछानी खरानी बने । अर्को समुदायको लहरै रहेका घरहरूलाई आगोको लप्कोले निल्न थाल्यो । बृद्ध, बालबालिका जसोतसो निकालिए पनि सरसमानसँगै घरमा बिताएका सुखदुःखका पलहरूको स्मृति धुवासँगै विलीन भए ।

अर्काविरुद्ध उत्तेजक, अपमानजनक अभिव्यक्ति र नाराहरू गुञ्जियो । रातको समय, अन्धकारले घेर्यो । स-साना बालबालिका भोकैप्यासै सुते । रामको सपना भताभुंग भएको थियो । रहिमको निन्द्रा गायब थियो ।

यो आपतकालीन स्थितिको सामना गर्न तत्कालै रहिमले आफ्नो समुदायको भेला डाके । "कति सहेर बस्नु । अति भयो । अब सहिदैन् ।" युवाहरू कुर्लिए ।

पाकाहरू पनि गर्जिए "निक्ल अब । जे होला-होला, धर्मको रक्षा र अस्तित्वका लागि जोखिम मोल्नै पर्छ ।"

योजनाबद्ध घरमा भेटेको बन्चरो, खुकुरी, कोदालो, खन्ती, डोरी, बाँस साथमा बोके । झिसमिसेमै सबै अर्को समुदायको बस्तीतर्फ निस्किए । हरेक घरबाट एक दुई युवा मिसिएपछि दलबल ठूलो भयो ।






## दैनिक राशिफल

आज मिति २०८३ साल साउन ३१ गते आइतबार
16 Aug. 2026
तिथि: चतुर्थी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | काममा नयाँ अवसर मिल्नेछ। आर्थिक लाभको सम्भावना छ। |
| वृष | इ उ ए ओ वा वि वु वे वो | रोकिएका काम अघि बढ्नेछन्। परिवारबाट सहयोग मिल्नेछ। |
| मिथुन | का कि कु घ ङ छ के को हा | नयाँ जिम्मेवारी थपिन सक्छ। बोलीमा संयम राख्नुहोस्। |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | व्यापारमा सुधार आउनेछ। स्वास्थ्यमा ध्यान दिनुहोस्। |
| सिंह | मा मि मु मे मो टा टि टु टे | मेहनतको राम्रो परिणाम मिल्नेछ। सामाजिक प्रतिष्ठा बढ्नेछ। |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | आर्थिकमा सावधानी अपनाउनुहोस्। नयाँ योजना सफल बन्नेछ। |
| तुला | रा री रु रे रो ता ती तु ते | साथीभाइबाट सहयोग पाइनेछ। प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ। |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | महत्वपूर्ण निर्णय लिन सकिनेछ। काममा सफलता मिल्नेछ। |
| धनु | य यो भा भी भ धा फा ढ भे | यात्राको अवसर आउन सक्छ। आर्थिक पक्ष बलियो बन्नेछ। |
| मकर | भो जा जी खि खू खे खो गा गी | नयाँ कामको सुरुवात हुनेछ। मेहनतले राम्रो फल दिनेछ। |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | व्यवसायमा नयाँ सम्भावना देखिनेछ। मनमा उत्साह बढ्नेछ। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | पारिवारिक वातावरण सुखद रहनेछ। आर्थिक लाभको योग छ। |

